बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ६ संख्या – १० मितिः २०७९ माघ २४

## भाग - २

बेनीघाट रोराङ गाउँपालिका बालमैत्री आचार संहिता, २०७९

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ६** **संख्या – १०** **मितिः २०७९ माघ २४**

## बेनीघाट रोराङ गाउँपालिका बालमैत्री आचार संहिता, २०७९

कार्यपालिकाबाट स्वीकृत मितीः २०७९।०८।२३

बाल अधिकार सम्बन्धि समग्र पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई पवर्द्धन गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८ ले निर्धारण गरेको न्युनतम सूचक प्राप्तिका लागि बालमैत्री आचार संहिता तयार गरी कार्यान्वयन गरी बालमैत्री नगर निर्माण गर्न यो आचारसंहतिा तयार पारिएको छ।

### १. बालबालिकाले पालन गर्ने आचार संहिता

- विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जाने
- विद्यालय हाताभित्र विद्यालयको नियमको पालना गर्दै उछृङखल व्यवहार नगरी अनुशासित बन्ने ।
- स्थानीय स्तरमा स्थापित बालसमुहहरुमा सक्रिय सहभागीता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने
- विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने।
- निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने ।
- बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुर हुनेछैनौ र अन्यत्र हुन लागेमापनि रोक्ने ।
- बालबालिकाका आधारभूत आवश्यक्ताहरु पोषिलो खाना, आवाश, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका विषयहरुबारे जानकारी राख्दै अरुलाई पनि सिकाउने ।
- भिन्न क्षमता भएका बालबालिकालाई सहयोग गर्ने ।
- आफुले सकेको काममा परिवारको सहयोग गर्ने ।
- बजारिया खाना भन्दा घरायसी खाना खाने ।
- बाल दुव्यर्वहार, विभेद, श्रम शोषण विरुद्ध आवाज उठाउने।
- यातायातका साधनमा जथाभावी नझुण्डिने,ट्राफिक नियमको पालना गर्ने
- आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्नो अभिभावकलाई सोध्नेछौं साथै आफुसंग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने ।
- गाउँ घरमा हुन लागेको तथा भइरहेको वालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरु हुन नदिने सोको जानकारी सम्बन्धित संस्थालाई दिने ।
- समय तालिका अनुसार पढ्ने, लेख्ने, सुत्ने, खेल्ने र सञ्चार माध्यमको उचित प्रयोग गर्ने ।
- सुर्तीजन्य, मादक पदार्थको प्रयोग तथा खरिद विक्रि एंव दुर्व्यसनमा संलग्न नहुन

- बालअधिकारको हनन भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पुऱ्याउने ।
- अपरिचित व्यक्तिको ललाई फकाइ तथा प्रलोभनमा नफस्ने ।
- आफू आवद्ध रहेको वा आफूलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागी हुने र बाल समुह मार्फत बाल सहभागिता अभिबृद्धिमा पहल गर्ने ।
- दिसा पिसावको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाइ गर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिदै हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्ने ।
- पोषिलो खानेकुरा खाने , भाइवहिनी र साथीलाई पनि खानको लागि प्रेरित गर्नु ।
- ६ महिना सम्मको बालबालिकालाई आमाको दुध मात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउने ।
- आवश्यक परेको खण्डमा सुरक्षित हुदै घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर निस्कने ।
- विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह बालविवाह लगाएतका राष्ट्रिय अभियानहरुमा बालसमुह मार्फत सक्दो जनचेतना र सहयोग गर्ने
- बालमैत्री स्थानीय शासनको प्रर्वद्धनमा बाल समुहका सदस्यहरु परिचालन गर्ने ।
- आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने ।
- बालबालिकाका योजना कार्यान्वयन भए नभएको अनुगमन गर्ने

## २.अभिभावकले पालन गर्ने आचार संहीता

- विद्यालय उमेरका हाम्रा छोरा छोरीहरुलाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने।
- विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने ।
- बालबालिकालाई अनुशासित र योग्य बनाउन बालसमुह तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्नेछौं र उनीहरुलाई भेदभाव नगर्ने ।
- समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने ।
- बालविवाह, बालयौन दुर्व्यवहार, बालश्रम जस्ता कार्य नगर्ने गर्न पनि नदिने तथा सो देखिएमा सम्बन्धित निकायमा सूचना दिने।
- बालबालिकालाई बालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने ।
- भिन्न क्षमता भएका बालबालिकाको आवश्यकताको पहिचान गरी सहयोग पुऱ्याउन पहल गर्ने तथा छोरा छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने ।
- अभिभावक समक्ष निर्धक्कसंग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने ।
- आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह नगर्ने र बालश्रममा पनि नलगाउने ।
- पढ्न लेख्न, खान, सुत्न, खेल्न र सञ्चार माध्यमको उचित प्रयोग गर्ने समय तालिका बनाउने ।
- नियमित स्वास्थ्य परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउने ।
- मादक पदार्थ तथा सुर्ती जन्य पदार्थको खरिद विक्रि एवं प्रयोगमा बालबालिकालाई संलग्न नगराउने र बालबालिका अगाडि प्रयोग नगर्ने ।
- कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने ।
- अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने ।
- बालसमुह तथा बालबालिका आवद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागीताको लागि प्रेरित गर्ने ।
- सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गरिदिने ।

- नियमित सरसफाई जस्तै नङ काट्ने, कपाल कोर्ने, काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, नुहाउने आदि कुराको ख्याल गर्ने।
- समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने क्रममा षोषण युक्त खाने कुरा र जन्मान्तरको व्यवस्था गर्ने ।
- आवश्यक परेको सन्दर्भमा बालबालिकाको उपस्थितीको आवश्यकतालाई मध्यनजर गरी सम्बन्धीत क्षेत्रमा अर्थपूर्ण सहभागीता गराउने।
- बालबालिकालाई समयमा विद्यालय भर्ना गर्ने, खोप लगाउने कार्य गर्नुका साथै वालवालिकाको सरसफाईमा ध्यान दिने ।
- साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्ने ।
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धन,घोषणा तथा निरन्तरता गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवद्धताका साथ लाग्ने।
- बालबालिकालाई घरायसी आदर सम्मान सम्बन्धी बानीको विकास गराउने ।
- आफ्ना छोराछोरीलाई कम्तिमा ६ महिनासम्म पूर्ण स्तनपान गराउने ।

## ३.विद्यालय/स्वास्थ्य/संघ संस्था व्यवसायीले पालन गर्ने आचार संहिता

- प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउने।
- बिद्यालय निर्धारित समय सम्म संचालन गर्ने।
- विद्यालयमा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउने ।
- बालबालिका तथा अभिभावकलाई बालसमुहको महत्वबारे सचेत गराउने ।
- घर परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने ।
- बालबालिकाहरु माथि हुने हिंसा, दुर्व्यवहार, र बालश्रम शोषण बालविवाह गर्नेलाई दण्डित गर्ने र रोक्न सचेतना फैलाउने ।
- दण्ड रहित र बालमैत्री वातावरणमा पठनपाठन गर्दै , बालअधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकहरुलाई बालअधिकार सम्बन्धी सचेत गराउने ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै प्रत्येक विद्यालय र संघ संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने।
- नगरपालिका क्षेत्रभित्रका बालबालिकालाई वडा भेला, योजना तर्जुमा समिति र सहभागीतात्मक योजना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको सक्रिय सहभागीताको सुनिश्चितता गर्ने ।
- बालश्रमको अवस्था रहन नदिनुका साथै बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहने।
- समुदायमा बालस्वास्थ्य सम्बन्धी सचेतना जगाउनुको साथै व्यक्तिगतसरसफाई र पोषण सम्बन्धी जानकारी गराउने ।
- धुम्रपान, मद्यपान, सुर्तीजन्य सामाग्रीहरु खरिद विक्रि ओसार पसार गर्न बालबालिकालाई नलगाउने र अरुलाई पनि सचेत गराउने ।
- बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्ने ।
- निर्माण , यातायात, होटेल व्यवसायमा बालश्रम निषेध गर्ने ।
- बालबालिकाहरुको सान्दर्भिक सहभागिता गराउने ।

- बालबालिकाका लागि नियमित वजेट विनियोजन गर्ने ।
- बालसमुह संचालनमा सहजीकरण गर्ने
- विद्यालय व्यवस्थापन समिति, स्वास्थय व्यवस्थापन समिति, बालसमुह तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई अर्थपूर्ण सहभागीता गराउनका लागि सहयोग गर्ने ।
- सुलभ तथा बालमैत्री शौचालय निर्माणका लागि सचेतना फैलाउने र सक्दो सहयोग गर्ने ।
- स्वच्छ पिउने पानीको व्यवस्था गर्नुको साथै सरसफाई सम्बन्धी सचेतना जगाउने ।
- पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने ।
- घरबाट बाहिर निस्किदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउने।
- जन्म दर्ता अभियान, विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगाएतका राष्ट्रिय अभियानहरु सञ्चालन गर्ने ।
- बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।
- कमजोर विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा संचालन गर्ने ।
- बालमैत्री लगानी योजना तर्जुमा र कार्यान्वयन गरि बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पूर्ण रुपमा समर्पित हुने ।
- घरपरिवारमा आदर सम्मान गर्ने बारे बाल बालिकालाई क्षमता बिकास गर्ने ।
- बालमैत्रीमा आधारित अतिरिक्त क्रियाकलाप गरी बालबालिकालाई समावेश गर्ने ।

## ४.स्थानीय तहले पालन गर्ने आचार संहिता

- वडालाई बालमैत्री घोषणा तथा निरन्तरताका लागि आवश्यक वजेटको व्यवस्था गर्ने ।
- विद्यालयको अवस्था अनुगमन गर्ने ।
- विद्यालय.व्यवस्थन.समितिको बैठकमा उपस्थित हुने ।
- बालसमुह संजाल गठन संचालन, सहजीकरण, क्षमता बिकासका लागि अवसर दिनेर वैठक गर्न सिकाउने ।
- भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री अवधारणा अवलम्बन गर्ने ।
- बालबलिका माथि हुने शोषण, हिंसा तथा दुर्व्यवहारको अनुगमन गरि निवारण गर्ने ।
- बालमैत्री विद्यालय घोषणाका लागि आवश्यक अनुगमन तथा वातावरण तयार गर्ने ।
- बालबालिकाद्धारा बालमैत्री योजना छनोट गरि कार्यान्वयनका लागि बजेट विनियोजन गर्ने ।
- ऐन नियम रणनीतिले दिएको अधिकार प्रयोग गरि वडा लाई बालमैत्री घोषणा गर्ने ।
- घोषित बालश्रम मुक्त वडा निरन्तरताका लागि सधै प्रयत्नरत रहने र बालविवाह हुन नदिनका लागि सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने ।
- विषयगत सेवा प्रदायक निकाय सँग निरन्तर वहस छलफल गरी उचित सेवा प्रवाहको वातावरण निर्माण गर्ने
- कानूनी आधारमा कुलतको संगती न्यूनीकरणका लागि सम्बन्धीत निकायको सहयोग लिई कार्य गर्ने ।
- निरन्तर घरदैलो अनुगमन तथा उत्प्रेरणा जागरण गर्ने ।
- बालबालिकाहरुलाई युद्ध, नारा जुलुश,राजनैतिक कार्यक्रममा संलग्न नगराउने ।
- बालमैत्री सूचक प्राप्त भएका कागजात व्यवस्थापन गर्ने ।
- नगर तथा वडाहरुमा बालमैत्री शाखा स्थापना गर्ने ।
- अर्थपूर्ण बाल सहभागीताको लागि विषयगत सरोकारवाला सँग निरन्तर समन्वय गर्ने ।

- शौचालयको प्रयोग, सरसफाई तथा खुला दिशामुक्त वडा निरन्तरताकालागि सचेत रहने ।
- सबै घरधुरीमा पिउन योग्य पानीको व्यवस्थापन सुनिच्छित गर्ने ।
- विद्यालयहरुका शौचालय बालमैत्री बनाउने ।
- पोषिलो खाना तथा स्थानीय रुपमा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप, धारणाको प्रवाह गर्ने
- समुदायमा आधारित बाल संरक्षणमा काम गरिरहेका समुह संगठनसँग निरन्तर समन्वय गर्ने ।
- घटना दर्ता तथा अन्य अभियान जस्ता कार्यक्रमको आयोजना तथा तथ्याङ्क अध्यावधिक गर्ने ।
- बाल विकास केन्द्रको अवस्था निरन्तर अनुगमन गर्ने ।
- बाल विकास केन्द्रको उचित व्यवस्थापन गर्ने।
- बाल सहभागितामा बालमैत्री योजना छनौट गर्ने । आवधिक लगानी योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- बालमैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने ।
- समाजमा सामाजिक संस्कार स्थापनाका लागि कार्यक्रम गर्ने ।
- बालमैत्री कानुन कार्यान्वयन गर्ने ।
- जेहेन्दार, उत्कृष्ट बालबालिकाको सम्मानका लागि कार्यक्रमको निर्माण गर्ने ।

**नोट : बालमैत्री स्थानीय शासन निर्माणका लागि यस बेनीघाटरोराङ गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०७८ ले निर्धारण गरेको न्युनतम सूचक प्राप्तिका लागि बालमैत्री आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।**

**आज्ञाले**
**भीष्म कुमार मल्ल**
**प्रमुख प्रशासकीय अधिकृत**